सूचनाको हकसम्बन्धी ऐन २०६४, को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

**सूचना सार्वजनिक गर्ने निकायको नामः-** प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना, परियोजना कार्यान्वयन एकाइ, कास्की

**सूचना सार्वजनिक गरको अवधिः** २०८१/०१/०१ देखि २०८१/०३/३१ सम्म

**क) निकायको स्वरुप र प्रकृतिः**

कास्की जिल्लाको पोखरा महानगरपालिका र अन्नपूर्ण, माछापुच्छ्रे, रुपा र मादी गाउँपालिकाका केहि वडाहरुलाई कार्यक्षेत्र बनाई प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजनाको ४ वटा संभागमध्ये तेश्रो (व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम अलैंची बालीमा आ.व. २०७८/७९ देखि र चौथो सम्भागका रुपमा रहेको बृहत व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन) विकास कार्यक्रम तरकारी बालीमा आ.व. २०७३/७४ देखि संचालनमा आईरहेको छ। जोन तथा सुपरजोनमा समावेश बाली (तरकारी,अलैंची) को उत्पादन तथा उत्पादकत्व वृद्धिको साथै गुणस्तर तथा मुल्य अभिवृद्धि गर्ने र कमाण्ड क्षेत्रमा कृषि यान्त्रिकरण, कृषि पूर्वाधार विकास एवं व्यवसायिकरण प्रवर्द्धन, प्रशोधन केन्द्रहरुको स्थापना, कृषि जन्य उद्योग स्थापना, कृषि अनुसन्धान केन्द्र र अध्ययन संस्थान स्थापना मार्फत कृषि आधुनिकिकरण गर्दै आत्मनिर्भर कृषि अर्थतन्त्रको आधारशिला निर्माण गर्ने यस कार्यालयको उद्देश्य रहेको छ।

| जोन/सुपर-जोन | कमाण्ड क्षेत्र | ढाकेको क्षेत्रफल (हेक्टर) | पूर्व जोन/सुपर जोनको क्षेत्रफल (हेक्टर) | आ.व.२०८०/८१मा सूचिकृत सहकारी/ समूह /निजी उद्यमी/कम्पनीको संख्या |
|---|---|---|---|---|
| तरकारी सुपर-जोन | पो.म.न.पा.का सबै वडा,<br>रुपा गा.पा.-५,६,७,<br>मादी गा.पा.-५,७,१२,<br>अन्नपुर्ण गा.पा.-१,२,३,६<br>माछापुच्छ्रे गा.पा.-२,३,४ | १११५ | ७५६ | कृषक समूह- ८<br>कृषि सहकारी- ४<br>कृषि उद्यमी-४९ |
| अलैंची जोन | पो.म.न.पा.-१६,१९,<br>अन्नपूर्ण गा.पा.-१,३,४,७,१०,११,<br>माछापुच्छ्रे गा.पा.- २,६,७,८,९,<br>मादी गा.पा.-१,२,३,८,१०,११ | ५५० | ५०० | कृषक समूह- ६<br>कृषि सहकारी- २<br>कृषि उद्यमी- ४ |

**ख) निकायको काम कर्तव्य र अधिकारः**

- जोन/सुपरजोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन गर्ने।
- परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समुह र कृषि उद्यमीहरुको अभिमूखीकरण तथा क्षमता विकास गर्ने।
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रुपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने।
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरुबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने।
- जिल्ला स्थित कृषि/पशु सेवा क्षेत्र हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने।
- जोन/सुपरजोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरुको अभिलेख तयार गर्ने।
- जोन/सुपरजोन अन्तर्गतका कृषक समुह, कानुन बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरुको विवरण अद्यावधिक गर्ने।
- परियोजनको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने।
- जोन/सुपरजोन अन्तर्गत समूहिक खेती, सहकारी खेती, करार खेती र चक्लावन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने।
- जोन/सुपरजोन अन्तर्गत कृषि पूर्वाधारहरुको विकास गर्ने।
- परियोजनाका सरोकारवालाहरु (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने।
- परियोजनाको प्रगति नियमितरुपमा परियोजना व्यवस्थापन इकाईमा प्रतिवेदन गर्ने।
- परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन इकाईले प्रदेश स्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने।
- सञ्चालित जोन र सुपरजोनको प्रोफाईल तयार गर्ने।
- जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि परियोजनाको समन्वय इकाईको रुपमा कार्य गर्ने।

**ग) निकायमा रहने कर्मचारी संख्या**

| क्र.सं. | स्वीकृत पद/श्रेणी | स्वीकृत दरवन्दी संख्या | पदपूर्ती | रिक्त दरवन्दी |
|---|---|---|---|---|
| १ | रा.प.द्वि.प्रा. (वरिष्ठ कृषि अधिकृत) | १ | १ | ० |
| २ | रा.प.तृ.प्रा. (कृषि अधिकृत) | ३ | ३ | ० |
| ३ | रा.प.अनं.प्र.प्र. (नायब सुब्बा) | १ | १ | ० |
| ४ | रा.प.अनं.प्र.प्र. (लेखापाल) | १ | १ | ० |

| | | | | |
|---|---|---|---|---|
| ५ | रा.प.अनं.प्र.प्रा. (प्राविधिक सहायक) | २ | ० | २ |
| ६ | रा.प.अनं.द्वि.प्रा. (नायब प्राविधिक सहायक) | २ | २ | ० |
| ७ | हलुका सवारी चालक | १ | १ | ० |
| ८ | सहायक कम्प्यूटर अपरेटर | १ | १ | ० |
| ९ | कार्यालय सहयोगी | ३ | ३ | ० |
| | जम्मा | १५ | १३ | २ |

**सेवा परामर्शतर्फ**

| | |
|---|---|
| १ | मनोज ढकाल (बागवानी विज्ञ) |
| २ | गोविन्द श्रेष्ठ (सामाजिक विज्ञ) |
| ३ | अर्जुन गौतम (कृषि इन्जिनियर) |

घ) निकायबाट प्रदान गरिने सेवाः

- प्राविधिक सहयोग
- प्रयोगशाला सेवाहरु
- कृषि औजार तथा उपकरणहरु
- साना सिचाई पूर्वाधारहरु
- उत्पादनोपरान्त तथा कृषि व्यवसाय सेवा पूर्वाधारहरु आदि

**ङ) सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवारी अधिकारी**

प्रविधि विस्तार शाखाः कृषि अधिकृत श्री निशा कँडेल
कृषि अधिकृत श्री सुस्मा घिमिरे
वागवानी विज्ञ श्री मनोज ढकाल
कृषि अधिकृत श्री सुलोचना थापा

प्रशासन शाखाः ना.सु. श्री चिरन्जिवी सापकोटा

लेखा शाखाः लेखापाल श्री पहल सिंह थापा

**च) सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि**

सेवाको प्रकृति अनुसार लाग्ने (कार्यालयको नागरिक बडापत्रमा उल्लेख भएको)

**छ) निर्णय उपर उजुरी सुन्ने अधिकारी**

कार्यालय प्रमुख वरिष्ठ कृषि अधिकृत श्री रोशन अधिकारी

**ज) सूचना अधिकारी र प्रमुखको नाम थर र पदः**

**कार्यालय प्रमुखः** श्री रोशन अधिकारी, वरिष्ठ कृषि अधिकृत

**सूचना अधिकारीः** श्री निशा कंडेल, कृषि अधिकृत

**झ) यस आ.व. २०८०/८१ मा प्राथमिकताका कार्यक्रमहरु**

१. चक्लावन्दीमा पकेट/व्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन, सम्भाब्यता अध्ययन र कार्यान्वयनमा सहयोग

२. स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण

३. जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग

४. गत बर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण

५. सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार

६. सोलार सिंचाइ स्थापना

७. जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अलैची)

८. तरकारी क्षेत्र विस्तारका लागि अस्थायी प्लास्टिक टनेल निर्माण सहयोग

९. स्थायी प्लास्टिक टनेल निर्माण

१०. कृषकस्तरमा नविनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाइ केन्द्र स्थापना गर्न सहयोग

११. Tissue culture प्रविधिबाट अलैची विरुवा उत्पादन तथा वितरण सहयोग कार्यक्रम

१२. स्टीम ड्रायरको प्रयोगबाट पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण

१३. कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना

१४. च्याउ उत्पादन सहयोग कार्यक्रम

१५. सुधारीएको अलैंची भट्टी निर्माण सहयोग अनुदान

१६. असिनाजन्य क्षति नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा जाली बितरण

१७. गत वर्षका चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिने

१८. बीउ श्रोत केन्द्रमा आवश्यक मेसिनरी उपकरण जडान

**ञ) अनुदान वितरणमा अवलम्वन गरिएका प्रकृयाहरु**

- अनुदान मागको लागि सूचना प्रवाह
- माग संकलन
- फिल्ड भेरिफिकेसन
- प्रस्ताव छनौट
- कार्यक्रमको लागि ईष्टिमेट तयारी तथा सम्झौता
- कार्यक्रम संचालन
- कार्यक्रमको अनुगमन/मुल्याङकन
- कार्यप्रगतिको आधारमा भुक्तानि

**ट) सम्पादन गरेको कामको विवरण:**

(२०८१ बैशाख १ देखि २०८१ असार मसान्तसम्म)

| क.सं | सम्पन्न क्रियाकलाप | प्राप्त उपलब्धि (लाभान्वित संख्या समेत) |
|---|---|---|
| १. | सिंचाइ पुर्वाधार निर्माण तथा मर्मत सम्भार | लगभग थप ३५ रो. सिंचित क्षेत्रफल बिस्तार भएको (१ लाख लिटर क्षमताको पोखरीलाई सिमेन्ट पोखरीमा स्तरोन्नती र सुरक्षा निमित्त तारबार, सोलार प्यानल जडान (१३४० watt), ड्रम (१००० लि.-४ ओटा, ५०० लि.को १ ओटा), थोपा सिंचाई-१५ सेट तथा पाइप जडान, १३० मिटर आरसिसि कुलो निर्माण)।(लाभान्वित संस्था ३ करिब ८० परिवार) (तरकारी तथा अलैंची बालीको उत्पादन तथा उत्पादकत्व वृद्धिमा टेवा पुग्ने) |
| २. | सोलार सिंचाइ स्थापना | लगभग थप २० रो. सिंचित क्षेत्रफल बिस्तार हुने २ वटा पानी तान्ने सोलार पम्प र पाइप जडान (हेड-१४०मि.-१००००-१२००० प्रति लि./दिन र हेड-८० मि.-१२५०० प्रति लि./दिन पानी लिफ्ट गरि संकलन गर्ने)(लाभान्वित संस्था २ करिब १२ परिवार) |
| ३ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | १ वटा (७२व.मि) को अलैंची नर्सरीमा ३००० Tissue culture विरुवाबाट २०८०/८१ मा ३०००० विरुवा उत्पादन हुने , Acclimatization house, primary and secondary nursery house निर्माण |
| ४ | चक्लावन्दीमा पकेट/व्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन , सम्भाब्यता अद्ध्यान र कार्यान्वयनमा सहयोग | भूमिको बढ्दो खण्डीकरण एवं बाँझो जग्गा राख्ने प्रवृत्तिलाई निरुत्साहित गर्दै यान्त्रिकीकरणको माध्यमबाट उत्पादन लागत न्यूनिकरण गर्ने उद्देश्यले ६२.२५ रोपनीमा स-साना सुर्काहरुको रुपमा रहेको जमिनमा गह्राहरु सुधार गरिए यन्त्र मैत्री बनाइएको |
| ५ | कृषकस्तरमा नविनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाइ केन्द्र स्थापना गर्न सहयोग | -फार्मका विभिन्न ब्लकका अवस्थितिबारे जानकारीका लागी फार्ममा location map स्थापना, फार्ममा भएका विविध प्रविधिहरु बारे जानकारीमूलक बोर्ड<br>-फार्ममा भएका विभिन्न ५० वटा बोट/विरुवाहरुको नामाकरण (स्थानीय र वैज्ञानिक) का लागि टयाग प्लेट निर्माण<br>-प्रविध प्रदर्शन, सभा तथा सेमिनारका लागि PMAMP सभाहल निर्माण |

| | | |
|---|---|---|
| ६ | गत वर्षका चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिने | गत आ.व. मा कागती बालीमा भएको एकल बालीको चक्लाबन्दी अन्तर्गत यस वर्ष १६० रो. कागती बगैंचामा थोपा सेट जडान सहयोग (उत्पादनशील उमेरमा बिरुवा पुगेपछि बजारयोग्य परिमाणमा बाली उत्पादनमा सघाउ पुर्याई प्रतिस्पर्धात्मक क्षमता बढ्ने लक्ष्य) |
| ७ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग (तरकारी/अलैंची) | कृषि कार्यमा सहजता एवं लागत खर्च घटाउने उद्धेश्यले मिनीटिलर-१२७, पावर टिलर-१, इलेक्ट्रिक स्प्रेयर-२८, ब्रस कटर-९, कल्टिभेटर-१, चेन स-८, खाडल खन्ने मेशिन-१ र सिडर-४, खरिदमा अनुदान सहयोग। (लाभान्वित संस्था ११०) |
| ८ | गत बर्ष विस्तार भएका क्षेत्र र नया विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण (तरकारी/अलैंची) | ४६ कृषक समूह/कृषि सहकारी/कृषि फर्म लाभान्वित भएको, लगभग थप २१५ रो. सिंचित क्षेत्रफल बिस्तार भएको (ड्रिप सेट जडान, पानी संकलन ट्यांकी निर्माण, पाइप जडान, रेन-गन, पोर्टेबल सोलार पम्प जडान, पानी संकलन पोखरी निर्माण, सिँचाई कुलो निर्माण) |
| ९ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना (तरकारी/अलैंची) | • २ वटा संकलन केन्द्र निर्माण (३५-४० मे.ट. क्षमता र १६-२० मे.ट. क्षमताको),<br>• अलैंची जोन अन्तर्गत ७-८ मे. ट. क्षमताको एकवटा अलैची भण्डारण घर निर्माण<br>• १०*१०*८ वर्ग फिट ५-७ मे टन क्षमताको कोल्ड रुम स्थापना |
| १० | Tissue culture प्रविधिबाट अलैची विरुवा उत्पादन तथा वितरण सहयोग कार्यक्रम | Tissue culture ल्याब सामग्री सहयोगबाट ल्याबको क्षमता अभिवृद्धि गर्दै निजि स्तरमै अलैंचिका Tissue culture बिरुवा उपलब्ध गराउन सकिने (स्वस्थ अलैंची बगान बिस्तारमा सघाउ पुग्ने, निरोगी बिरुवाको लागि इलाम र धनकुटाका सरकारी फार्ममा पर्नुपर्ने निर्भररता घट्ने) |
| ११ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अलैची) | अलैंची जोन-१६० रोपनी क्षेत्रफलमा अलैंची बिरुवा रोपण (१२.५ रोपनीमा टिस्यु कल्चरबाट उत्पादित बिरुवा रोपिएको) |

| | | |
|---|---|---|
| १२ | सुधारिएको अलैचि भट्टी निर्माण सहयोग अनुदान(अलैंची) | ५००के.जी. काँचो अलैंची सुकाउने क्षमताको २ वटा सुधारिएको अलैंची भट्टी निर्माण । |
| १३ | च्याउ उत्पादन सहयोग कार्यक्रम | • कन्ये तथा सिताके च्याउ उत्पादका लागि अस्थाई प्लाष्टिक घर निर्माण, बीउ सहयोग<br>• Ready to grow mushroom bag उत्पादनका लागि सहयोग |
| १४ | तरकारी क्षेत्र विस्तारका लागि अस्थायी प्लास्टिक टनेल निर्माण सहयोग | तरकारी सुपरजोन-८०२६ व.मि. क्षेत्रफलमा फरक फरक १०८ वटा बाँसको प्लाष्टिक घर निर्माण भई तरकारीको मौसमी/बेमौसमी उत्पादनमा वृद्धि हुने |
| १५ | स्थायी प्लाष्टिक घर निर्माण (तरकारी) | ८४६० व.मि. क्षेत्रफलमा फरक फरक ९४ वटा फलामको प्लाष्टिक घर निर्माण भई तरकारीको मौसमी/बेमौसमी उत्पादनमा थप वृद्धि हुने |
| १६ | असिनाजन्य क्षति नियन्त्रणको लागि ५०%अनुदानमा जाली वितरण (तरकारी) | ३५२ वटा स्थायी/अस्थायी प्लाष्टिक टनेलको उत्पादनलाई असिनाबाट हुने क्षतिबाट बचाएको |

**ठ) ऐन नियम विनियम वा निर्देशिकाको विवरणः**

- प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना कार्यान्वयन म्यानुअल २०७७

<u>नीतिहरुः</u>

- राष्ट्रिय कृषि निति २०६१
- कृषि जैविक विविधता नीति २०६३ (पहिलो संसोधन २०७१)
- कृषि व्यवसाय प्रवर्धन नीति २०६३
- कृषि यान्त्रिकरण प्रवर्द्धन नीति २०७१

<u>निर्देशिका</u>

- कृषि प्रसार कार्यक्रम संचालन निर्देशिका तथा नर्म्स २०७४/७५
- कृषि तथा पशुपन्छी विकास कार्यक्रम तर्जुमा तथा संचालन सम्बन्धी मार्गदर्शन, २०७६

- कृषि तथा पशुपन्छी विकास मन्त्रालय अन्तर्गत कार्यरत कर्मचारीहरुको आचारसंहिता, २०७६
- आ.व. २०७७/०७८ मा प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण मार्फत पठाइएका कार्यक्रमहरुको प्राविधिक कार्य सञ्चालन प्रक्रिया, रिपोर्टिङ्ग तथा तथ्याङ्क व्यवस्थापन सम्वन्धी मार्गदर्शन कार्यविधि
- कृषि उपज प्रशोधन कारखाना स्थापना अनुदान कार्यविधि २०७५
- कृषि उपज भण्डारण घर निर्माण कार्यन्वयन कार्यविधि २०७५
- क्यानिङ्ग तथा प्याकेजिङ्ग उद्योग स्थापना कार्यक्रम कार्यान्वयन कार्यविधि २०७५
- कृषि पूर्वाधार विकास कार्यविधि २०७५
  कृषि सूचना कार्यविधि २०७५
- कृषि तथ्याङ्क संकलन, प्रशोधन र प्रविष्टी कार्यक्रम सञ्चालन सम्वन्धी कार्यविधि, २०७४

**ड) सार्वजनिक निकायको वेवसाइट भएको भएः** www.piukaski.pmamp.gov.np

**ढ) सार्वजनिक निकायले प्राप्त गरेको बैदेशिक सहायता ऋण अनुदान एवम प्राविधिक सहयोग र सम्झौता सम्बन्धि विवरणः** छैन

**ण) सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सोको प्रगति विवरणः** (चौथो त्रैमासिक)

| क्र.सं. | प्राथमिकताका कार्यक्रमको नाम | एकाइ | लक्ष्य | बजेट (रु.) | हाल सम्मको प्रगति |
|---|---|---|---|---|---|
| १ | सिंचाइ पूर्वाधार निर्माण तथा मर्मत सम्भार | संख्या | २ | १८ | २ |
| २ | सोलार सिंचाइ स्थापना | वटा | २ | १४ | २ |
| ३ | चक्लावन्दीमा पकेट/व्लक/जोन संचालनको लागि सहकारी र निजी क्षेत्रबाट माँग संकलन , सम्भाब्यता अद्ध्यान र कार्यान्वयनमा सहयोग | पटक | २ | २० | १ |
| ४ | कृषकस्तरमा नविनतम कृषि प्रविधिको प्रयोग अनुसन्धान तथा सिकाइ केन्द्र स्थापना गर्न सहयोग | पटक | १ | ८ | १ |
| ५ | जोन/सुपरजोन क्षेत्रमा कृषि यान्त्रीकरण सहयोग | पटक | १ | ४० | १ |
| ६ | स्टीम ड्रायरको प्रयोगबाट पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण | पटक | १ | १५ | ० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | गत बर्ष विस्तार भएका क्षेत्र र नयाँ विस्तार हुने क्षेत्रमा सिंचाइ पुर्वाधार निर्माण | संख्या | २८ | ४२ | ४२ |
| ८ | कृषि बजार, भण्डारण पुर्वाधार, प्रथामिक प्रशोधन वा प्रशोधन उधोग स्थापना | संख्या | ४ | २८ | ७ |
| ९ | च्याउ उत्पादन सहयोग कार्यक्रम | पटक | २ | ४ | ७ |
| १० | तरकारी क्षेत्र विस्तारका लागि अस्थायी प्लास्टिक टनेल निर्माण सहयोग | संख्या | १०० | ८ | १०८ |
| ११ | असिनाजन्य क्षति नियन्त्रणको लागि ५० प्रतिशत अनुदानमा जाली बितरण | संख्या | ७० | ९.८ | ८८ |
| १२ | स्थायी प्लास्टिक टनेल निर्माण | संख्या | ८० | ६० | ९४ |
| १३ | गत वर्षका चक्लाबन्दी कार्यक्रमलाई निरन्तरता दिने | पटक | १ | ६ | १ |
| १४ | बीउ श्रोत केन्द्रमा आवश्यक मेसिनरी उपकरण जडान | पटक | १ | १६ | ० |
| १५ | सुधारीएको अलैंची भट्टी निर्माण सहयोग अनुदान | वटा | २ | ५ | २ |
| १६ | जोन/सुपरजोन प्रभाव क्षेत्रमा क्षेत्रफल विस्तार (अलैंची) | हेक्टर | १० | ६.२५ | ८ |
| १७ | Tissue culture प्रविधिबाट अलैची विरुवा उत्पादन तथा वितरण सहयोग कार्यक्रम | पटक | १ | ३ | १ |
| १८ | स्थानीय तहसँगको समन्वयमा नर्सरी श्रोत केन्द्र स्थापना/सुदृढीकरण | संख्या | १ | ३ | १ |

**त) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समायवधीः** छैन

**थ) सार्वजनिक निकायमा परेका सूचना माग सम्बन्धि निवेदन र सो उपर सूचना दिइएको विषयः** हालसम्म सूचना माग सम्बन्धि १ निवेदन परेको र सो को जवाफ पठाएको ।

द) आम्दानी खर्च तथा आर्थिक कारोबारसम्बन्धी अद्यावधिक विवरणः

(२०८१ बैशाख १ देखि २०८१ असार मसान्तसम्म)

जम्मा राजश्व रु: ०

जम्मा खर्च रु: ३,००,६१,७४०/-

जम्मा बेरुजु रकम रु: ०

फछ्र्यौट भएको रकम रु: ०

चौथो त्रैमासिक अवधिको भारित प्रगति विवरण : १००%

चौथो त्रैमासिक अवधिको वित्तीय प्रगति विवरण : २११.२६%

ध) सार्वजनिक निकायमा सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने सोको विवरणः

- कार्यालयको सूचना पार्टी
- आवश्यकतानुसार एफ.एम. रेडियो ,पत्रपत्रिका
- वेवसाइट र फेसबुक पेज
- Bulk SMS मार्फत लाभग्राही छनोटको सूचना प्रवाह
- वार्षिक तथा त्रैमासिक प्रतिवेदन

निशा कंडेल

कृषि अधिकृत

एवम्

सूचना अधिकारी

परियोजना कार्यान्वयन एकाइ ,कास्की